# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मालिका गाउँपालिका
## म्याग्दी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मालिका गाउँपालिका

## म्याग्दी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मालिका गाउँपालिका

म्याग्दी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

गण्डकी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ६२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्ष ज्यू ,

मालिका गाउँपालिका, मालिका गाउँकार्यपालिकाको कार्यालय,

दरवाङ, म्याग्दी।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ६९ लाख ६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२२ लाख ८८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३४ लाख २७ हजार र नियमित गर्नुपर्ने रु. ११ लाख ८५ हजार समेत रु. ६९ लाख १ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १८ करोड १० लाख ७० हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष सम्परीक्षण बाट रु.३९ लाख ७२ हजार फस्यौंट भई हालसम्मको अद्यावधिक बेरुजू रु. १८ करोड ३९ लाख ९९ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( जयराम घिमिरे )

**नायब महालेखापरीक्षक**

मालिका गाउँपालिका,

म्याग्दी जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४८ | १९ | ६९०६ | ० | १ | ५ | ४८ | १८ | ६९०१ | २२८८ | ११८५ | ३४२७ | - | - | ४६१३ | - |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| म्याग्दी | १८१०७० | - | ३९७२ | १७७०९८ | - | ६९०१ | १८३९९९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | २५.१ | बढी भुक्तानी | ५,०००।०० |
| | **चालु वर्षको जम्मा** | | | **५,०००।००** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | | | |
| | | ५०.१ | स्रेस्ता र बैंक खातामा फरक | १,५२,३७१।०० |
| | | २९ | स्पस्ट कार्य सम्पादन जमानत उल्लेख नभएको वैंक जमानत दरवाङ्ग वजारमा सडक ढलान | २७,००,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | | २९ | स्पस्ट कार्य सम्पादन जमानत उल्लेख नभएको वैंक जमानत स्टील पार्टस खरिद | २,८०,०००।०० |
| | | ३५ | पेश्की फर्छ्यौट ग्राण्ड उपभोक्ता समिति | ८,००,०००।०० |
| | | ३१.१ | निर्माण कार्यको वीमा नभएको | ४०,०००।०० |
| | **२०७७।७८** | - | - | - |
| | **२०७६।७७** | - | - | - |
| | **गत विगतको जम्मा** | | | ३९,७२,३७१।०० |
| | **कुल जम्मा** | | | **३९,७७,३७१।००** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु मालिका गाउँपालिकाको पालिकाको रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । मालिका गाउँपालिकाको कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२० देखि २०८०।०६।०२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय — व्यय, सम्पत्ति तथा दायित्वको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **सञ्चितकोषको हिसाब-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।०८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | यसवर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफौले गरेको प्राप्ति/भुक्तानि | बस्तुगत /सोझै भुक्तानि | जम्मा | आफैले गरेको प्राप्ति /भुक्तानि | बस्तुगत /सोझै भुक्तानि | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५३,३१,५३,५७८.०५ | ४१,१९,१३,२७१.५८ | | ४१,१९,१३,२७१.५८ | ३८,१२,४७,८३५.७४ | | ३८,१२,४७,८३५.७४ |
| **क. प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)** | | ५१,९७,५५,०००.०० | ४०,८१,०६,६२०.७९ | ०.०० | ४०,८१,०६,६२०.७९ | ३७,८५,०३,८५१.७४ | ०.०० | ३७,८५,०३,८५१.७४ |
| ११०००कर | ११ | ९,२०,७२,०००.०० | ७,७२,१७,४१३.५७ | ०.०० | ७,७२,१७,४१३.५७ | ७,२८,८३,१५५.८१ | ०.०० | ७,२८,८३,१५५.८१ |
| १३०००अनुदान | | ४१,७८,८१,०००.०० | ३२,५५,८६,४७८.६२ | ०.०० | ३२,५५,८६,४७८.६२ | २९,९६,९८,४८४.९० | ०.०० | २९,९६,९८,४८४.९० |
| सघीयसरकार | १२ | ३९,७३,१७,०००.०० | ३१,०८,५४,९५९.६२ | ०.०० | ३१,०८,५४,९५९.६२ | २८,३०,२८,५२८.९० | ०.०० | २८,३०,२८,५२८.९० |
| प्रदेस सरकार | १२ | २,०५,६४,०००.०० | १,४७,३१,५१९.०० | ०.०० | १,४७,३१,५१९.०० | १,६६,६९,९५६.०० | ०.०० | १,६६,६९,९५६.०० |
| १४०००अन्य राजस्व | | ९४,५२,०००.०० | ५३,०२,७२८.६० | ०.०० | ५३,०२,७२८.६० | ५९,२२,२११.०३ | ०.०० | ५९,२२,२११.०३ |
| १५०००विविध प्राप्ती | | ३,५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख.अन्य प्राप्ती | | १,३३,९८,५७८.०५ | ३८,०६,६५०.७९ | | ३८,०६,६५०.७९ | २७,४३,९८४.०० | | २७,४३,९८४.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ककोषहरु | | १,३३,९८,५७८.०५ | ४,७३,४४०.०० | ०.०० | ४,७३,४४०.०० | ६,५९,८०३.०० | ०.०० | ६,५९,८०३.०० |
| धरौटी | | ०.०० | ३३,३३,२१०.७९ | ०.०० | ३३,३३,२१०.७९ | २०,८४,१८१.०० | ०.०० | २०,८४,१८१.०० |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ५९,५२,४३,२५५.५५ | ४२,१७,११,६८५.८७ | | ४२,१७,११,६८५.८७ | ३८,४७,२५,४४७.८२ | | ३८,४७,२५,४४७.८२ |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | | ५८,१८,४४,६७७.५० | ४१,६८,१६,४१७.६५ | | ४१,६८,१६,४१७.६५ | ३७,९८,४०,७५२.०९ | | ३७,९८,४०,७५२.०९ |
| २१०००पारिश्रमिक / सुविधा | १८ | २१,२८,८१,०००.०० | १६,५३,९६,६६६.९७ | ०.०० | १६,५३,९६,६६६.९७ | ४,७७,०६,७५४.६९ | ०.०० | ४,७७,०६,७५४.६९ |
| २२०००मालसामानतथासेवाको उपयोग | १८ | ९,८८,२९,०७७.५० | ७,०२,३५,९७४.०३ | ०.०० | ७,०२,३५,९७४.०३ | ३,६८,४०,८०५.०० | ०.०० | ३,६८,४०,८०५.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५०००सहायता(Subsidy) | १८ | ६०,०१,०००.०० | ५८,२१,६००.०० | ०.०० | ५८,२१,६००.०० | १,३३,२५०.०० | ०.०० | १,३३,२५०.०० |
| २६०००अनुदान | १८ | ९०,००,०००.०० | ६५,५७,१००.०० | ०.०० | ६५,५७,१००.०० | १२,२८,६७,४८१.९० | ०.०० | १२,२८,६७,४८१.९० |
| २७०००सामाजिक सुरक्षा | १८ | ६१,८५,०००.०० | ४६,८१,०९९.०० | ०.०० | ४६,८१,०९९.०० | ७०,४३,२००.०० | ०.०० | ७०,४३,२००.०० |
| २८०००अन्य खर्च | १८ | ३५,००,०००.०० | २६,३८,७००.०० | ०.०० | २६,३८,७००.०० | २३,७५,८००.०० | ०.०० | २३,७५,८००.०० |
| ३१०००गैर वित्तीय सम्पत्ती /पुँजिगत | १८ | २४,५४,४८,६००.०० | १६,१४,८५,२७७.६५ | ०.०० | १६,१४,८५,२७७.६५ | १६,२८,७३,४६०.५० | ०.०० | १६,२८,७३,४६०.५० |
| घ.अन्य भुक्तानी | | १,३३,९८,५७८.०५ | ४८,९५,२६८.२२ | | ४८,९५,२६८.२२ | ३८,४७,२५,४४७.८२ | | ३८,४७,२५,४४७.८२ |
| कोषहरु | | १,३३,९८,५७८.०५ | ३८,४२,१९७.२२ | ०.०० | ३८,४२,१९७.२२ | २८,७९,०६८.०० | ०.०० | २८,७९,०६८.०० |
| धरौटी | | ०.०० | १०,५३,०७१.०० | ०.०० | १०,५३,०७१.०० | २०,०५,६२७.७३ | ०.०० | २०,०५,६२७.७३ |
| सघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ.योवषकोबचत(न्युन) | | (६,२०,८९,६७७.५०) | (९७,९८,४१४.२९) | | (९७,९८,४१४.२९) | (३४,७७,६१२.०८) | | (३४,७७,६१२.०८) |
| च.गतवषको जिम्मेवारी रकम (अल्या) | | | ७,९६,९३,२२५.१३ | | ७,९६,९३,२२५.१३ | ७,८९,९३,५५१.८८ | | ७,८९,९३,५५१.८८ |
| वषान्तकोबाकीरकम(ङ+च) | | (६,२०,८९,६७७.५०) | ६,९८,९४,८१०.८४ | | ६,९८,९४,८१०.८४ | ७,५५,१५,९३९.८० | | ७,५५,१५,९३९.८० |
| | | | | | | | | |
| बœक तथा नगद बाँकी | २४ | | ६,९८,९४,८१०.८४ | | ६,९८,९४,८१०.८४ | ७,६३,०५,९४९.८० | | ७,६३,०५,९४९.८० |

बित्तीय बिवरणमा समावेश नभएको कारोवार-

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन् ।

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा सरक्षण | १०,८१,०७,०००।०० | १०,५९,१४,६२४।०० |
| २ | गरिबसँग विशेश्वर कार्यक्रम | ४,६५,०००।०० | ४,६३,०००।०० |
| | जम्मा | १०,८५,७२,०००।०० | १०,६३,७७,६२४।०० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **कार्यक्रम र प्रगति** -

३.१ **कार्यक्रम तथा प्रगति-** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले योजनाहरुमा बजेट न्यून विनियोजन, जग्गा विवाद तथा लागत सहभागिता नभएकोले योजना कार्यान्वयन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका कार्यक्रमहरु देहायअनुसार छन् ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **प्रगति विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित १५८ योजनाहरू समेत कुल १८४ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

३.३ **कार्य योजना-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पूरा गरेको देखिएन ।

३.४ **वार्षिक प्रतिवेदन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४ **खर्च विश्लेषण-** पालिकाले यो बर्ष कुल आन्तरिक आयबाट रु· ५१,७४,५७४।००, राजश्व बाँडफाँड र अनुदानबाट रु· ४०,२९,३२,०४६।०० , सामाजिक सुरक्षा र कोष (अन्य आम्दानी) रु· ११,३२,४८,१४४।०० तथा गतवर्षको जिम्मेवारी रु. ७,२५,०४,६३७।०० समेत गरि रु. ५९,३८,५९,४०१।०० जम्मा आम्दानी भएकोमा चालु तर्फ रु.

२५,५३,३१,१४०।०० पूँजीगत तर्फ रु. १६,१४,८५,२७७।०० र सामाजिक सुरक्षा र कोष (बित्तीय ब्यबस्था) तर्फ रु.१०,७४,३०,६९५।०० समेत रु. ५२,४२,४७,११२।००जम्मा खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९९ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ९०,२५,२४०।०० खर्च भएको छ, जुन आन्तरिक आयको १७४.४२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४८.७० प्रतिशत चालु, ३०.८० प्रतिशत मात्र पूँजीगत निर्माणमा तथा सामाजिक सुरक्षा र कोष (वित्तीय व्यवस्था) २०.५० प्रतिशत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

५ **अनुत्पादक तथा वितरणमुखी खर्च-** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा निम्नानुसार रु.१६५०००।०० खर्च लेखी भुक्तानी गरेकोले पालिकालाई व्यभार परेको रु.

| भौ. न / मिति | खर्चको विवरण | भुक्तानी रकम रु |
|---|---|---|
| १३५।२०७९।०९।१३ | मगर लोक संस्कृती संरक्षण | ५०,०००।०० |
| ३६५।०७९।१२।२८ | मगर लोक संस्कृती संरक्षण | ८०,०००।०० |
| ५३२।२०८०।०३।२० | सुर्यमुखी युवा क्लव | ३५,०००।०० |
| | जम्मा | १,६५,०००।०० |

| | |
|---|---|
| अनियमित भएको | १,६५,००० |

६ **बजेट र कार्यक्रम** -

६.१ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री लक्ष्मी देबी घर्ती पुन मगरले मिति २०७९।३।१० गते रु. ४९ करोड २६ लाख ३८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

६.२ **बजेट सीमा निर्धारण समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ ।

उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर पालिकाले उपलब्ध गराएको र समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **बजेट तथा कार्यक्रम तर्जुमा- स्था**नीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.४ **त्रैमासिक पुँजीगत खर्च-** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढांचामा त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ६३.१० प्रतिशत र आषाढमा मात्र ४२ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले चौथो त्रैमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६.५ **योजना र कार्यान्वयन—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन् ।

**(विस्तृत विवरण बेरूजु दफा ६.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६.६ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित

कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष विपद् व्यवस्थापन कोष शिर्षकमा एकमुष्ट रुपमा रु. १,४०,००,०००।- बजेट राखेकोमा कार्यक्रम तोकेको छैन । बजेट अवण्डाको रुपमा राखी वार्षिक नीति तथा कार्यक्रम र बजेटको सिद्धान्त विपरित कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

६.७ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आर्थिक वर्ष २०७९।०८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ६.७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७ **आन्तरिक नियन्त्रण -**

७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५० जनाको दरबन्दी ३२ पदपुर्ती भई रहेकोमा १८ दरबन्दी रिक्त रहेको पाईयो । रिक्त पद १८ भएकोमा १७ जना करारबाट पदपुर्ती गरेको देखियो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• जिन्सी सहायक खाता अध्यावधिक गरी नराखेकोले निर्वतमान जनप्रतिनिधीले बुझिलगेका जिन्सी सामान फिर्ता भयो भएन एकिन हुन सकिएन । सहायक जिन्सी खाता व्यवस्स्थित राख्नु पर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७.२ **सम्पत्ति हस्तान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले

तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

७.३ **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा निम्नानुसार देखिएको छः पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । अभिलेख राख्नुपर्नेमा राखेको पाइएन ।

७.४ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

७.५ **फोहरमैला व्यवस्थापन –** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

८ **सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकालेवाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो । साथै देखाइएकोमा अन्य कुन—कुनमा हो भनी यकिन हुन सकिएन ।

| विवरण | जम्मा |
|---|---|
| नागरिकता सिफारिस | ११८४ |
| घरबाटो सिफारिस | १३३ |
| नाता प्रमाणित | ४५९ |
| सम्बन्ध बिच्छेद | २४ |
| घटना दर्ता | ११८३ |
| अन्य | ४००५ |

९ **अनुगमन तथा भ्रमण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. १८ लाख ९१ हजार खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ।

१० **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

११ **कानून निर्माण र कार्यान्वयन** -

११.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, १२ वटा कार्यविधि लगायत १९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

११.२ **न्यायिक समिति—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो बर्ष दर्ता भएका महिला हिंसा ५, सामान्य लेनदेन ३ घरजग्गा सम्वन्धी २ साईवर क्राईम १ अन्य विवाद सहजीकरण २ जन्म दर्ता सम्वन्धी १ समेत १४ विवाद दर्ता भएकोमा १० वटा फर्छ्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१२ **संगठन तथा कर्मचारी व्यवस्थापन** -

१२.१ **कल्याण कोष—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले

हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिएन तर कार्यालयले अस्थायी दरवन्दीमा कार्यरत खशिला गुरुङको तत्कालिन जिल्ला समन्वय समितीले हस्तान्तरण गरी कोषमा रहेको रकम निकासा गरी सम्वन्धित कर्मचारी कार्यालयमा कार्यरत रहेको अवस्थामा सम्पुर्ण रकम भुक्तानी दिएको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ ।

१२.२ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी मध्ये विभिन्न पदमा २२ जना कर्मचारीहरु करारमा राखि रु. ५५,६७,४६६।- खर्च लेखेको छ ।

१२.३ **वडा सचिवको पदपूर्ति-** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरु मध्ये स्वास्थ्य तर्फका २ अ.हे. व. र १ सव ईन्जीनियर बाट पदपूर्ति गरी कार्य गरिएकोले स्वास्थ सेवा प्रभावित हुन सक्ने देखियो भएकोले गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | ३ | ४ |

१३ **आर्थिक सहायता र विविध खर्च** -

१३.१ **विविध खर्च—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २४,२५,६४१।- खर्च गरेको छ ।

१३.२ **आर्थिक सहायता— स्था**नीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न ७८ जनालाई सहयोग गरी रु. १५,००,०००।- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **वित्तीय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए को ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छ ।

• लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक रहेको छैन ।

• प्राप्त वितीय विवरणको अनुसूची-२४ मा देखाएको बैंक तथा नगद बाँकी रु.६,९८,९४,८१०।८४ मध्ये सञ्चित कोष खातामा रु. ५,३३,७९,८८०।६४ र तीन वटा कोष खातामा रु. १,६५,१४,९३०।२० मौज्दात रहेको छ ।

• NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनबीच एकरुपता देखिंदैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन ।

१५ **धरौटी खाता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि क कस्को नाममा धरौटी रकम के बापत राखेको हो एकिन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ।

१६ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटोबाटो निर्माण तथा मर्मत,तटबन्धन् संरक्षण तथा ढल निकास तथा नाला निर्माण जस्ता लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८९ जनालाई रोजगारी उपलव्ध गराई रु. ५१,५५,७४६।०० लाख खर्च गरेको छ । लक्षित वर्गलाई ५५ दिनदेखि ९८ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

१७ **कन्टिन्जेन्सी खाताको अभिलेख** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको र सो रकम संचित कोसमा जम्मा रहेकोमा बिबरण बाट सो रकमको मौज्दात एकिन हुन सकेन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

१८ **हेभी इक्विपमेण्टको प्रयोग** -

१८.१ उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनका प्रकृया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न

नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन अत : उक्त नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

१८.२ **जटिलसंरचना निर्माण–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजारउपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । पालिका अन्तर्गत संचालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन कार्यालय प्रमुखको स्विकृतिमा मेसीन प्रयोग गरि रु. ५,९०,४३,०००। भुक्तानी भएको देखिन्छ तर नियमावलीको व्यवस्था वमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

१९ **डिपीआर खर्च**- बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| वार्ड नं ५ कार्यालय भवन निर्माण | एम बि कन्सल्टेन्ट एण्ड बिल्डर्स प्रा. ली. | ५,००,०००।०० | ४,८०,०००।०० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले डि.पि.आर. निर्माणको क्रममा प्राविधिक जनशक्ति पदपूर्ती भइ नसकेको कारण परापर्शदाताबाट सेवा खरिद गर्नु परेको भन्ने जवाफ दिएतापनि यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजना कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकता देखिएन ।

२० **सामाजिक सुरक्षा**

२०.१ **भत्ता वितरण**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु. १०,५९,१४,६२४।- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं २ र ५ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो ।

**(विस्तृत विवरण बेरूजु दफा २०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२०.२ **निष्कृय खाता तथा लगत कट्टा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

२०.३ **नागरिकता नम्बर दोहोरो तथा उल्लेख भएको** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। लेखापरीक्षण योजना अनुसार सबैभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण भएका वडाहरु २ र ५ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो तथा उल्लेख नै नगरी सामाजिक सुरक्षा भत्ता वापत रु.७,०३,९२०।- भुक्तानी गरीएको छ। के कसरी नागरिकता नम्बर दोहोरो तथा उल्लेख नै नभएको हो पालिकाबाट यकिन गर्नुपर्दछ । साथै अन्य वडाहरुमा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २०.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२१ **औषधी खरिद** -

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. GMP सर्टीफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ्य आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ्य सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मुल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरीएको कारण औषधिको म्याद गएको भन्ने पालिकाको भनाई रहेकोले मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्ने देखियो ।

**(विस्तृत विवरण बेरूजु दफा २१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२२ **उपलव्धी मापन-** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन्।

| क्र.स | कार्यक्रमको नाम | कुल खर्च | अनुदान रकम प्रतिशत | लाभग्राहि संख्या |
|---|---|---|---|---|
| १ | बर्षे फलफुल खरिद तथा बितरण | २,१९,८६०।०० | ५० प्रतिशत | ९२ जना |
| २ | आलुको बिउमा अनुदान | ३,४८,६५०।०० | ७० प्रतिशत | ८ समुह |
| ३ | माछापालक कृषक अनुदान | १,८५,४६७।०० | ५० प्रतिशत | १ संथा |
| ४ | खाधान्न बालिको उन्नत बिउ उपयोगमा मुल्य अनुदान | ५७,५५०।०० | ५० प्रतिशत | १ समुह |
| ५ | राँगा तथा बंगुर खरिद | १,५९,४००।०० | ७५ प्रतिशत | २ समुह |
| | **जम्मा** | **९,७०,९२७।००** | | |

अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ। कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।साथै कृषि तथा पशुका केही कार्यक्रमहरु विना लागत सहभागीतामा सञ्चालन भएका छन् ।सवै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराइ कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोगमा पालिकाले ध्यान दिनुपर्दछ।

२३ **शिक्षक दरबन्दी पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२४ **वितरणको भर्पाइ-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई, प्रमाण र कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्नेमा पालिका तथा वार्डमा तपसिल बमोजिमका पाईप तथा जस्ता पाता खरिद गरी वार्ड तथा पालिका दुबैले बितरण गरेकोमा दोहोरो हुन सक्ने देखियो अतः वितरणको भर्पाई सहित दोहोरो नभएको र संवन्धित कार्यमा जडान भएको प्राविधिक प्रनिवेदन र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु.

| गो.भौ.नं./ मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १३४।२०८०-०२-०३ | वडा नं. ६ मा खरिद | ५,९४,९०० |
| २७०।२०८०-०३-२० | पालिका स्तरिय | ९,७६,००० |
| ५६८।२०८०-०३-२२ | वडा नं. १ मा खरिद | २,४८,६८३ |
| | **जम्मा** | **१८,१९,५८३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,१९,५८३ |

२५ **आन्तरिक लेखापरीक्षण तर्फ -**

२५.१ आन्तरिक लेखापरीक्षणले औंल्याएको अनुसूची - ११ बमोजिमको रकम रु ३८,४७६।०० असुल गर्नु पर्ने

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११ ।०८ को निर्णय अनुसार सन्तुकुमारी कार्कीको रु. ५,०००।- सम्परीक्षण गरिएको । )***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,४७६ |

**(विस्तृत विवरण बेरूजु दफा २५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५.२ भर्पाई प्रमाण वेगरको खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। अनुसूची -१२ बमोजिमको कार्यको भुक्तानीमा विल,भरपाइ,प्रमाण र कागजात पेश नभएकोले पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४०,००० |

**(विस्तृत विवरण बेरूजु दफा २५.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२६ **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम-** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका ,२०७७ को परिक्षेद १० को २ मा स्थानीय तहमा शाखा तथा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्नेछ । उद्यम विकास समितिले गरेको अनुगमनको प्रतिवेदन उद्यम विकास समितिको सदस्य सचिवले कार्यालय समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा प्रतिवेदन कार्यलयसमक्ष पेश गरेको पाइएन । निर्देशिकामा भएको व्यवस्थाको पालना तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ।

२७ **वार्ड सचिवको नाममा भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई, प्रमाण र कागजात संकलन गरेर मात्र खर्च लेखु पर्नेमा पालिकाले पालिकामा उपभोक्ता समिति मार्फत हुने कार्यको अन्तिम बिल भुक्तानी गर्दा सम्बन्धित उपभोक्ता समितिको नाममा भुक्तानी खर्च लेखु पर्नेमा निम्न वार्ड सचिवको नाममा भुक्तानी खर्च लेखेको रकम रु. १०,२०,३३०/-. अनियमित देखिएको रु

| गो.भौ.नं./ मिति | कामको विवरण | भुक्तानी लिने वार्ड सचिवको नाम | भुक्तानीरकमरु. |
|---|---|---|---|
| २२९/ २०८०-०३-१२ | मालिका गापा ४ मा सिस्नेरी थाप्ले ग्याविन योजना | माधव आचार्य | ९६,२१६ |
| २५७/ २०८०-०३-१८ | मालिका गापा ४ मा जुगेपानी मजुवा खानेपानी मर्मत योजना | माधव आचार्य | ७९,२३१ |
| २५८/ २०८०-०३-१८ | मालिका गापा ४ मा पाकपानी खानेपानी मर्मत योजना | माधव आचार्य | ९५,९९६. |
| २२८/ २०८०-०३-१२ | मालिका गापा २ मा शासी गैह्र मोटरबाटो र राष्ट्रिय मा.वि. चेन गेट मर्मत योजना | दिनेश यादव | १,८७,६५३ |
| २४१/ २०८०-०३-१३ | मालिका गापा ३ मा ३ नं. वडा कार्यालय खानेपानी, मर्नेबन भकारो सुधार र पहिरो संरक्षण योजना | दिनेश यादव | १,९६,७३६ |
| २४२/ २०८०-०३-१३ | मालिका गापा ३ मा हार्पेट खानेपानी मुहान संरक्षण र गैरा खानेपानी मर्मत | दिनेश यादव | १,५७,०५८ |
| २८५/ २०८०-०३-२२ | ३ नं. वडा कार्यालय व्यवस्थापन | दिनेश यादव | २,०७,४४० |
| | | **जम्मा** | **१०,२०,३३०** |

| | |
|---|---|
| अनियमित भएको | १०,२०,३३० |

२८ **उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । तर तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो। यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२९ **उपभोक्ता समिति -**

२९.१ **नर्म्सको प्रयोग-** सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था छ। यस पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्न दर विश्लेषण गर्दा प्रयोग गर्ने नर्म्सको आधार स्थानीय पूर्वाधार विभाग (DOLI) लाई दिएको छ। पालिकाले अधिकांश निर्माण मेशीन तथा उपकरण प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको अवस्थामा सडक निर्माण तथा सुधारको लागत अनुमान सडक विभाग (DOR) बाट तयार भएको नर्म्स प्रयोग गर्नु पर्नेमा श्रममूलक DOLI को नर्म्स प्रयोग गरेको देखिन्छ। निर्माण कार्यको लागत अनुमान तयार गर्दा श्रोत साधनको मित्तव्ययी हुनेगरी नर्म्सको प्रयोग गरी दरविश्लेषण गरिनु पर्दछ।

२९.२ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखियो ।नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २९.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२९.३ **नगद भुक्तानी -** आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ बाट राज्यकोषबाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ती तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रवरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा गाउँपालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम एकमुष्ट रु.१३,३८,०२०।— भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ । केही उदाहरण निम्नानुसार छन् ।

**(विस्तृत विवरण बेरूजु दफा २९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३० **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले

आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

३१ **आन्तरिक आय तर्फ -**

३१.१ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५२,४२,४७,११२।०० | ५१,७४,५७४।०० | ०.९९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३१.२ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३२ **कार्यसम्पन्न जमानत अपुग -** पालिकाले निम्न ठेक्कामा सम्झौताको बुँदा नं. G.C.C. 58.1 अनुसार कार्य सम्पादन जमानत रकम मु.अ.क. समेत गणना गरी लिने व्यवस्था भएकोमा सो विपरित मु.अ.क. बाहेक गणना गरी लिएकोले तपसिलका ठेक्कामा नपुग रकम रु. ११,६७,६८७।०० कार्य सम्पादन बापत थप गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,६७,६८७ |

**(विस्तृत विवरण बेरूजु दफा ३२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३३ **नक्सा पेश -** पालिकाको सम्झौताको बुँदा नं. G.C.C. ७१.२ बमोजिम अन्तिम बिल भुक्तानी गर्दाका बखत As built नक्सा पेश गर्नुपर्ने अन्यथा सो बापतको रकम रोक्का राखिने व्यवस्था भएकोमा सम्झौता बमोजिम नक्सा पेश नभएको अवस्थामा निम्न ठेक्काको सम्झौता बमोजिमको As built बापतको रकम रु. २,५०,०००/- असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५०,००० |

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३४ **बराहलेक ताराखोला सडक निर्माण तथा स्तरोन्नती -**

ठेक्का नं. — MRM/MGD/NCB/works/078/079-3 पालिकाले बराहलेक ताराखोला सडक निर्माण तथा स्तरोन्नति कार्यका लागि मिति २०७९ जेष्ठ ३१ सम्म सम्पन्न गर्ने गरी मिति २०७८ माघ ७ मा रु. २,००,८३,१५९/४६ (VAT and PS) को कार्य गर्ने गरी GK-IS-AC. J.V. सँग भएको सम्झौतामा निम्न कुराहरु देखियो ।

क) निर्माण व्यवसायीसँग भएको सम्झौताको बुँदा नं. G.C.C. 57.3 अनुसार सुरु सम्झौताको ३० प्रतिशत रकम भुक्तानी पश्चात प्रत्येक बिलबाट ४० प्रतिशतका दरले रकम कट्टा गरी ८० प्रतिशत समय व्यतित हुँदा सम्पूर्ण पेश्की कट्टा गरी सक्नु पर्नेमा सो नगरेको देखियो । अतः सम्झौता बमोजिम अग्रिम बैंक ग्यारेण्टी बापत APG रकम रु. २०,००,०००/- असुल गरी बाँकी कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्ने रु

ख) सम्झौताको बुँदा नं. S.C.C. को G.C.C. 19.1 बमोजिम सम्पूर्ण निर्माण कार्यको बिमा DLP खाम्ने गरि अन्तिम मिति पश्चात १३ महिना हुनुपर्नेमा सम्झौताको अवधि समाप्ति पश्चात मिति २०८० आश्विन ३० सम्म म्याद थप भएकोमा IME-General Insurance Limited बाट BLG/CAR/F/00054/078/79 को बिमाका अवधि मिति २०८० जेष्ठ २५ सम्म मात्र रहेकोले सो बिमाको अवधि ठेक्का तथा D.L.P. समेत कायम हुने गरी नविकरण गर्नुपर्ने देखियो ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००,००० |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : मालिका गाउँपालिका, म्याग्दी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चुर्ण बहादुर कार्की | २०८०-१-२५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | हेमराज काफ्ले | २०७८-१२-१४ | २०८९-१२-२८ |
| लेखा प्रमुख | सागर पौडेल | २०७८-१२-२२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,२९३,४७६ | १,१८५,३३० | ३,४२७,२७० | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६,९०६,०७६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ५,००० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६,९०१,०७६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७२५०४६३७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१०८५४९५९ | **चालु खर्च** | २५५३३११४० |
| **प्रदेश सरकारबाट अनुदान** | १४७३१५१९ | **पूँजीगत खर्च** | १६१४८५२७७ |

| | | | |
|---|---|---|---|
| **राजश्व बाँडफाँट** | ७७३४५५६८ | **वित्तीय/अन्य व्यवस्था** | १०७४३०६९५ |
| **आन्तरिक आय** | ५१७४५७४.० | | |
| **अन्य आय** | ११३२४८१४४ | | |
| **कुल आय** | ५२१३५४७६४ | **कुल खर्च** | ५२४२४७११२ |
| **बाँकी मौज्दात** | | ६९६१२२८९ | |

**बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन |
|---|---|---|
| १ | सुन्तला कागती बिरुवा खरिद | १,००,०००.०० |
| २ | पशु स्वास्थ्य सिविर तथा औषधी खरिद | ३,००,०००.०० |
| ३ | रुम पुरानो खानेपानी मर्मत | २,००,०००.०० |
| ४ | सुशासन ब्लक | २,५०,०००.०० |
| ५ | जनकल्याण युवा क्लब खेलमैदान जग्गा खरिद | ५,००,०००.०० |
| ६ | ध्रुवज्योती आ.वि. ल्यापटप प्रोजेक्टर खरिद | १,००,०००.०० |
| ७ | पशु तथा कृषि व्यबस्थापन सम्बन्धी अभिमुखीकरण तालीम | ५०,०००.०० |
| ८ | ज्ञानविकास आ.वि. प्रोजेक्टर ल्यपटप र पाइप खरिद | २,५०,०००.०० |
| ९ | नौमाने खानेपानी मर्मत | १,००,०००.०० |
| १० | जनजागृती आ.वि. प्रोजेक्टर ल्यापटप खरिद | १,००,०००.०० |
| ११ | रुम स्वास्थ्यचौकी मर्मत संभार | १,५०,०००.०० |
| १२ | सिद्धार्थ आ.वि. ब्यबस्थापन | २,००,०००.०० |
| १३ | महिला शसक्तीकरण कार्यक्रम | २,५०,०००.०० |
| १४ | खारा खेलमैदान मर्मत | १,५०,०००.०० |
| १५ | हिमाली युवा क्लबको खेलमैदानको खानेपानी मर्मत | २,००,०००.०० |
| १६ | विमबाङ्ग आमा समुह भवन मर्मत | ३,००,०००.०० |
| १७ | बिउ विजन खरिद | २,००,०००.०० |
| १८ | पशु नक्ष्ल सुधार तथा तालिम | ३,५०,०००.०० |

| | | |
|---|---|---|
| १९ | नवप्रवर्तन भित्र्याउने कृषि समुहलाई Counter Part Fund | ३,००,०००.०० |
| २० | किवि एभोकाडो टिमुर बिरुवा खरिद | १,००,०००.०० |
| २१ | कृषि तथा पशु अनुदान | १०,००,०००.०० |
| २२ | रुमा शाखा बाटो मर्मत | ४,००,०००.०० |
| २३ | इल्पु खानेपानी मर्मत | १,००,०००.०० |
| २४ | आलुको बिउ खरिद | २,००,०००.०० |
| २५ | कृषि सेवा केन्द्र ब्यबस्थापन | ६०,०००.०० |
| २६ | राइन्तुबाङ खानेपानी मर्मत | १,००,०००.०० |
| २७ | तलडाँडा खटेन मोटरबाटो निर्माण | ३,००,०००.०० |
| २८ | महर पन्थोक ढल र खानेपानी मर्मत | २,००,०००.०० |
| २९ | सिद्धज्योती बालविकास भवन निर्माण | ३,००,०००.०० |
| ३० | पशु स्वास्थ्य सिविर तथा नश्ल सुधार | १,००,०००.०० |
| ३१ | आलुको बिउ खरिद | १,००,०००.०० |
| ३२ | पशु तथा कृषि व्यबस्थापन सम्बन्धी अभिमुखीकरण तालीम | २,००,०००.०० |
| ३३ | फुलबारी महभिर हुँदै च्युरीबोट वडा कार्यालय जोड्ने मो.बा.म. | २,००,०००.०० |
| ३४ | राष्ट्रिय मा.वि.मा नयाँ भवन चेनगेट तथा फर्निचर खरिद | ३,००,०००.०० |
| ३५ | महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम तथा ब्याकअप खरिद | २,५०,०००.०० |
| ३६ | बिउबिजन तथा विषादी खरिद | २,५०,०००.०० |
| ३७ | अधिभारा पात्ले सडक | २०,००,०००.०० |
| ३८ | कृषि अनुदान कार्यक्रम | २,००,०००.०० |
| ३९ | साइनिङ युवा क्लब भवन तला थप | ५,००,०००.०० |
| ४० | शान्ती टोल ठाडो बाटो खोल्सा ग्याबिन | २,००,०००.०० |
| ४१ | हिराजित युवा क्लब मञ्च व्यबस्थापन | १,००,०००.०० |
| ४२ | किवि तथा टिमुर बिरुवा खरिद | २,००,०००.०० |
| ४३ | पन्थोक सिचाई पोखरी निर्माण | ५,००,०००.०० |
| ४४ | राष्ट्रिय जनकल्याण आ.वि. प्रोजेक्टर ल्यापटप खरिद | १,००,०००.०० |
| ४५ | फोहोरमैला व्यबस्थापन तथा प्रविधि | १०,००,०००.०० |

| | | |
|---|---|---|
| ४६ | डाँडागाउँ खानेपानी मर्मत | २,००,०००.०० |
| ४७ | शेरा ढल निकास | ३,००,०००.०० |
| ४८ | उन्नत जातको बोयर बोका खरिद | १,००,०००.०० |
| ४९ | कृषक अध्ययन भ्रमण तथा घाँसको बीउ बितरण | ३,००,०००.०० |
| ५० | कृषि सामाग्री तथा बिउबिजन खरिद | २,००,०००.०० |
| ५१ | म्युजियम व्यबस्थापन | १,००,०००.०० |
| ५२ | भेटेरिनरी औषधि खरिद | १,००,०००.०० |
| | **जम्मा** | **१,३३,१०,०००.००** |

**बेरूजु दफा ६.४ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | १६१४८५ | ३००४ | १५८०९ | ४०७२३ | १०१८९९ | ६७८१७ |
| प्रतिशत | १०० | १.८६ | ९.७९ | २५.२५ | ६३.१० | ४२.०० |

**बेरूजु दफा ६.५ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क्र.स. | विवरण | योजना संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ८ | ३२७ |
| २ | रु. १ लाख एकदेखि ५ लाख सम्मका योजना | १३९ | २३२३० |
| ३ | रु. ५ लाखदेखि १० लाख सम्मका योजना | २० | १५५१७ |
| ४ | रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना | ९ | १९९६९ |
| ५ | रु. ५० लाख भन्दा माथिका | १ | ५०० |
| | **जम्मा** | १८४ | **५९५४३** |

**बेरूजु दफा ६.७ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| क्र.स | क्षेत्र | बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २१२८७ | १३६०९ | ३.२६ |
| २ | पूर्वाधार विकास | १७४०१० | १०१०७० | २४.२५ |
| ३ | सामाजिक विकास | २६१९२९ | २१४५३९ | ५१.४७ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ३२०६७ | २८४५३ | ६.८३ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ९२५५२ | ५९१४४ | १४.१९ |
| | **जम्मा** | **५८१८४५** | **४१६८१६** | **१००** |

**बेरूजु दफा २०.१ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| जिल्ला : मालिका गा.पा आर्थिक वर्ष : २०७९/८० | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वर्ग | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौंथो त्रैमासिक | |
| | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | १,५४४ | १७,७६८,२६६ | १,५८६ | १८,८०९,३६० | १,६३० | १९,३५३,४९४ | १,६६२ | १९,७९०,१२४ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ३१६ | २,४७३,८०० | ३२२ | २,५३७,६४० | ३१३ | २,४८९,७६० | ३१४ | २,४७९,१२० |
| जेष्ठ नागरिक एकल महिला | १५८ | १,२५५,५२० | १५८ | १,२५५,५२० | १६२ | १,२८७,४४० | १६० | १,२६९,३५२ |
| विधवा | २३५ | १,८५४,०२० | २३७ | १,८८८,६०० | २३८ | १,८७२,६४० | २४४ | १,९२५,८४० |
| पूर्ण अपाङ्गता भत्ता | १७ | २०३,४९० | १७ | २०३,४९० | १८ | २१५,४६० | १८ | २१५,४६० |
| अति अशक्त अपाङ्गता भत्ता | १२९ | ८१९,२८० | १३० | ८२५,६६४ | १३२ | ८४२,६८८ | १३० | ८२९,९२० |
| दलित बालबालिका | ५५४ | ८५३,३११ | ५५९ | ८६३,६२३ | ५७२ | ८७६,०५५ | ५९२ | ९०२,६७७ |
| जम्मा | **२९५३** | **२५२२७६८७** | **३००९** | **२६३८३८९७** | **३०६५** | **२६९३७५३७** | **३१२०** | **२७४१२४९३** |

**बेरूजु दफा २०.३ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| Social Assistance Type Name | Ward | Personal Id | Member Name | Gender | Age | Birth Date BS | Citzn No. | Bank A/c | DPAmount |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Senior citizen's allowance-Others | 2 | 2001061002149 | Sitakala kami | FEMALE | 78 | 10-06-2001 | 49303112 | 0750081916700011 | 48000 |
| Senior citizen's allowance-Dalit | 2 | 2015081800613 | Mansira - Harmel | FEMALE | 64 | 18-08-2015 | 49303112 | 0750115945800011 | 48000 |
| Senior citizen's allowance-Others | 2 | 1989080900346 | Parbati Gharti | FEMALE | 90 | 09-08-1989 | 493031207 | 0750081959300011 | 48000 |
| Senior citizen's allowance-Others | 2 | 2003071002226 | Rupana Pun | FEMALE | 76 | 10-07-2003 | 493031207 | 0750092497700012 | 48000 |
| Senior citizen's allowance-Others | 2 | 2007110100479 | Maghi B K | FEMALE | 72 | 01-11-2007 | 493031223 | 0750071287000011 | 48000 |
| Widow | 2 | 2025081500782 | Bhamasira Kami | FEMALE | 54 | 18-08-2025 | 493031223 | 0750071152700016 | 31920 |
| Senior citizen's allowance-Others | 2 | 2010061001316 | Rabisara Kami | FEMALE | 69 | 10-06-2010 | 493031357 | 0750081992700016 | 31920 |
| Senior citizen's allowance-Others | 2 | 2000080800822 | Sauni Roka | FEMALE | 79 | 08-08-2000 | 493031357 | 0750081996100011 | 48000 |
| Senior citizen's allowance-Dalit | 2 | 2017021100807 | Phulmati Kami | FEMALE | 63 | 11-02-2017 | 493031441 | 0750155702400013 | 31920 |
| Senior citizen's allowance-Dalit | 2 | 2018041004193 | Sunmaya Kami | FEMALE | 62 | 10-04-2018 | 493031441 | 0750186389400010 | 31920 |
| Senior citizen's allowance-Others | 2 | 2010092506465 | Manarupa Rana Magar | FEMALE | 69 | 25-09-2010 | 493031514 | 0750219326300019 | 28000 |
| Widow | 2 | 2038011300165 | Dhan Maya Kami | FEMALE | 50 | 15-01-2030 | 493031514 | 0750071383500018 | 29260 |
| Senior citizen's allowance-Dalit | 2 | 2019050403011 | Bharimaya B.K. | FEMALE | 60 | 04-05-2019 | 493031561 | 0750213973300019 | 26600 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Senior citizen’s allowance-Dalit | 2 | 2018121002869 | Samandra Kami | FEMALE | 61 | 10-12-2018 | 493031561 | 0750205150100017 | 31920 |
| Senior citizen’s allowance-Others | 2 | 2001032400612 | Karnamati Pun | FEMALE | 79 | 24-03-2001 | 493031582 | 0750092270400012 | 48000 |
| Senior citizen’s allowance-Dalit | 2 | 2017051004556 | Lilamaya kami | FEMALE | 62 | 10-05-2017 | 493031582 | 0750140960500012 | 31920 |
| Senior citizen’s allowance-Others | 5 | 2008011508455 | Chandra Kumari Gharti | FEMALE | 72 | 15-01-2008 | 493033103 | 02101400895491000001 | 48000 |
| Senior citizen’s allowance-Others | 5 | 2008051800443 | Chandra Kumari Kami | FEMALE | 71 | 18-05-2008 | 49303390 | 02101400585277000001 | 48000 |
| Senior citizen’s allowance-Others | 5 | 1997011502776 | Chauri Pun | FEMALE | 83 | 15-01-1997 | 493033180 | 02101400577112000001 | 48000 |
| Senior citizen’s allowance-Others | 5 | 2011030900612 | Hime Kami | MALE | 69 | 09-03-2011 | 49303390 | 02101400586040000001 | 31920 |
| Senior citizen’s allowance-Others | 5 | 2007051002122 | Kalima Purja | FEMALE | 72 | 10-05-2007 | 493033114 | 02101400585874000001 | 48000 |
| Senior citizen’s allowance-Others | 5 | 1990020101102 | Lila phagami | FEMALE | 90 | 01-02-1990 | 493033103 | 02101400585722000001 | 48000 |
| Senior citizen’s allowance-Others | 5 | 2010010207147 | Mankali Budha | FEMALE | 70 | 02-01-2010 | 493033166 | 02101400899560000001 | 48000 |
| Senior citizen’s allowance-Others | 5 | 2001031301225 | Tik Bahadur Napali | MALE | 70 | 13-03-2010 | 49303323 | 02101400586700000001 | 48000 |
| Senior citizen’s allowance-Dalit | 5 | 2013041301756 | kham bahadur kami | MALE | 67 | 13-04-2013 | 493033180 | 02101400628387000001 | 31920 |

|  |  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|
| Widow | 5 | 2025101000821 | Chokmaya Jaisi | FEMALE | 54 | 10-10-2025 | 49303323 | 02101400628407000001 | 31920 |
| Widow | 5 | 2021070200922 | Jasma Siuthani | FEMALE | 58 | 02-07-2021 | 493033114 | 02101401100717000002 | 2660 |
| Severely Disabled Grant | 5 | 2023091400093 | Kham Bahadur Pun | MALE | 56 | 14-09-2023 | 493033166 | 02101400628383000001 | 25536 |
|  |  |  |  |  |  |  |  | जम्मा | 703920 |

**बेरूजु दफा २१ सँग सम्बन्धित विवरण - अनुसूची -८**

| सि.नं | औषधिको नाम | औषधिको परिमाण | औषधिको मुल्य |
|---|---|---|---|
| १ | Eye oint Cipro | 186 TUb | नखुलेको |
| २ | Syp Amoxycilline125 mg | 197 Ph | " " |

**बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची -९**

| सि.नं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या २०७९ | विद्यार्थी संख्या २०८० |
|---|---|---|---|---|---|---|
| १ | श्री निस्कोट मा.वि. | ८ | ८ | ४ | २०४ | १७६ |
| २ | श्री सिद्द आ. वि. | ६ | ६ | १ | १८३ | १६४ |
| ३ | श्री शिशुकल्याण आ वि. | २ | २ | २ | ६६ | ६१ |
| ४ | श्री सरस्वती आ वि | १ | १ | १ | १७ | ११ |
| ५ | श्री जनजागरण आ वि | १ | १ | १ | ५५ | ४६ |
| ६ | श्री राष्ट्रिय मा वि | १३ | १३ | ४ | ३३१ | ३७५ |
| ७ | श्री राष्ट्रिय जनकल्याण आ वि | २ | २ | २ | ५१ | ५१ |
| ८ | श्री देउराली आ वि | ५ | ५ | ३ | १९१ | १७७ |
| ९ | श्री जनजागृति आ वि | ३ | ३ | १ | ६५ | ६५ |
| १० | श्री ध्रुबज्योति आ वि | २ | २ | २ | ४१ | ४३ |
| ११ | श्री ज्ञानविकास आ वि | १ | १ | १ | ७० | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | श्री अमरज्योति मा वि | ६ | ६ | २ | २४१ | २४३ |
| १३ | श्री विद्याज्योति आ वि | २ | २ | २ | ५ | ४ |
| १४ | श्री गोरक्षा आ वि | ४ | ४ | १ | १४५ | १२२ |
| १५ | श्री जनज्योति आ वि | २ | २ | २ | ३१ | ४० |
| १६ | श्री सरस्वती आ वि | ०१ | ०१ | ०१ | २६ | २३ |
| १७ | श्री ओखरबोट मा वि | १० | १० | ७ | २१४ | २४९ |
| १८ | श्री पुरुषोत्तम आ वि | ३ | ३ | २ | ७४ | ७५ |
| १९ | श्री सिद्दार्थ मा वि | ६ | ६ | ३ | १५३ | १२७ |
| २० | श्री खबाङ्ग आ वि | ३ | ३ | १ | ३९ | २८ |
| २१ | श्री शिव आ वि | ३ | ३ | ० | २५ | २६ |
| २२ | श्री महभिर आ वि | ३ | ३ | ० | ३३ | २५ |
| २३ | श्री भिम मा वि | १२ | १२ | ६ | १९४ | २१७ |
| २४ | श्री गौ बम बस्त मा वि | १० | १० | ५ | ४६९ | ३९९ |
| २५ | श्री लक्ष्मी आ वि | ३ | ३ | २ | १८ | १७१ |
| २६ | श्री मालिका आ वि | ३ | ३ | १ | ३९ | २७ |
| २७ | श्री सरस्वती आ वि | ३ | ३ | २ | १५ | १४ |
| २८ | श्री प्रतिनर्मा आ वि | ३ | ३ | २ | ६९ | ५४ |
| २९ | श्री जनप्रिय मा वि | १७ | १७ | ४ | ६२५ | ५७८ |
| ३० | श्री मालिका आ वि | ६ | ६ | ३ | ५९ | ४९ |
| ३१ | श्री भगवती आ वि | ७ | ७ | ५ | ७८ | ५८ |
| ३२ | श्री सती आ वि | २ | २ | १ | ५५ | ५६ |
| ३३ | श्री सिद्द आ वि | १ | १ | ० | ७ | ६ |
| ३४ | श्री किसानी मा वि | १४ | १४ | ३ | ३५० | ३०० |
| ३५ | श्री जनकल्याण आ वि | २ | २ | २ | १५ | १३ |
| ३६ | श्री शिब आ वि | ३ | ३ | १ | ४५ | ३३ |
| ३७ | श्री मालिका आ वि | ३ | ३ | १ | ६९ | ६९ |
| ३८ | श्री हिमाली आ वि | ०१ | ०१ | ०१ | १५ | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जम्मा** | १७८ | १७८ | ८२ | ४३८२ | ४२२९ |

**बेरूजु दफा २५.१ सँग सम्बन्धित विवरण - अनुसूची -१०**

| क.सं. | गो.भौ.न ।मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | १४६/२०८०।०२।०४ | जनजागरण आ.वि व्यवस्थापन शिर्षकबाट रु.३,५०,००० जनजागरण आ.वि व्यवस्थापन उ.स को नाममा भुक्तान भएको देखिन्छ । उक्त कारोबारमा लाङ्गाली फर्निचर उद्योगबाट दराज खरिद गरीएको देखिन्छ । उक्त सामान कार्यालयमा खरिद भएको नदेखिएकोले असुल गर्नुपर्ने | ३८४७६।०० |
| | | **जम्मा** | **३८४७६।००** |

**बेरूजु दफा २५.२ सँग सम्बन्धित विवरण - अनुसूची -११**

| भौ न र मिति | विवरण | रकम |
|---|---|---|
| २८५।२०८०/०३/२२ | वडा कार्यालय व्यवस्थापन शिर्षकबाट रु. २,१६,६१०। दिनेश यादवको नाममा भुक्तान भएको देखिन्छ । जसमा आराम बेन्च, निल ड्रम, रिप्स कार्पेट, कुर्चि राम्रोमा ५० वटा खरिद गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा बीस हजार भन्दा माथिको मालसामान खरिद गर्दा अनिवार्य भ्याटमा दर्ता भएको हुनुपर्ने व्यवस्था छ । यस कारोबारमा रु.२०,०००।०० को दुईवटा विल जारी गरि भुक्तान भएको देखिन्छ । भ्याट विल जारी भएको प्रमाण पेश गर्नुपर्ने रु. | ४०,०००।०० |
| २४३।२०७९/१२/२४ | मालिका भलिबल खेल प्रवर्द्धन शिर्षकबाट सनमन जुग्जालीको नाममा रु.३,५०,०००।०० भुक्तान भएको देखिन्छ । जसमा खेलाडीहरुलाई जर्सि प्रदान गरेको भरपाई, खेलाडीहरुको स्वीकृत नामावली तथा प्रशिक्षण गरेको १४ दिनको हाजिर र प्रशिक्षण भत्ता दर प्रदान गर्ने प्रमाण सहित पेश गर्नुपर्ने रु. | ३,५०,०००।०० |
| ५३२।२०८०/०३/२० | मगर लोक संस्कृति संरक्षण शिर्षकबाट रु. ३५,०००।०० सूर्यमुखि युवा क्लबको नाममा भुक्तान भएको देखिन्छ । खरिद गरिएका सामग्रीहरुको दाखिला भएको प्रमाण संलग्न नभएको देखिन्छ । प्रमाण संलग्न गर्नुपर्ने रु. | ३५,०००।०० |
| १८१।२०८०/०३/२० | रोजगार सेवा केन्द्र सञ्चालन खर्च शिर्षकबाट रु.९८,१४०।०० ग्लोबल ट्रेडिङ कन्सनको नाममा भुक्तान भएको देखिन्छ । जसमा खरिद गरिएको पावर स्वीच X-Lab Original सामानको दाखिला प्रमाण नगरेको पाईयो । कार्यालयमा खरिद गरिएका सामग्रीको | १५,०००।०० |

| | | |
|---|---|---|
| | दाखिला आम्दानी जनाई/दाखिला प्रमाण संलग्न गरी भुक्तान गर्नुपर्ने रु. | |
| | **जम्मा** | ४,४०,०००।०० |

**बेरूजु दफा २८ सँग सम्बन्धित विवरण - अनुसूची -१२**

| क्र.सं. | कामको विवरण | उपभोक्ता समितिको नाम | बजेट विनियोजन | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | प्रतिनर्मा आ.वि. मर्मत | प्रतिनर्मा आ.वि. मर्मत उ.स. | ५,००,००० | ५,००,००० |
| २ | सिद्ध आ.वि. व्यवस्थापन | सिद्ध आ.वि. व्यवस्थापन उ.स. | १,५५,००० | १,५५,००० |
| ३ | निस्कोट स्वास्थ्य चौकी व्यवस्थापन | निस्कोट स्वास्थ्य चौकी व्यवस्थापन उ.स. | १,४२,००० | १,४२,००० |
| ४ | शिशु कल्याण आ.वि. व्यवस्थापन | शिशु कल्याण आ.वि. व्यवस्थापन उ.स. | ४,००,००० | ४,००,००० |
| ५ | निस्कोट मा.वि. व्यवस्थापन | निस्कोट मा.वि. व्यवस्थापन उ.स. | २,००,००० | २,००,००० |
| ६ | ज्ञानविकास आ.वि. ढल निकास | ज्ञानविकास आ.वि. ढल निकास उ.स. | २,३६,५०० | २,३६,५०० |
| ७ | घाङ्लेपानी बालशिक्षा शौचालय निर्माण | घाङ्लेपानी बालशिक्षा शौचालय निर्माण उ.स. | २,५०,००० | २,५०,००० |
| ८ | राष्ट्रिय जनकल्याण आ.वि. घेराबार र प्लाष्टर | राष्ट्रिय जनकल्याण आ.वि. घेराबार र प्लाष्टर उ.स. | २,७५,००० | २,७५,००० |
| ९ | ध्रुवज्योती आ.वि. मर्मत | ध्रुवज्योती आ.वि. मर्मत उ.स. | १,००,००० | १,००,००० |
| १० | सिद्धज्योती बालविकास भवन मर्मत | सिद्धज्योती बालविकास भवन मर्मत उ.स. | २,८३,७१० | २,८३,७१० |
| ११ | गोरक्ष आ.वि. व्यवस्थापन | गोरक्ष आ.वि. व्यवस्थापन उ.स. | ३,००,००० | ३,००,००० |
| १२ | शिव आ.वि. घेराबार | शिव आ.वि. घेराबार उ.स. | २,००,००० | २००००० |
| १३ | ओखरबोट मा.वि. व्यवस्थापन | ओखरबोट मा.वि. व्यवस्थापन उ.स. | २,००,००० | १,९१,९६९ |
| १४ | खवाङ आ.वि. मर्मत | खवाङ आ.वि. मर्मत उ.स. | २,५०,००० | २,५०,००० |
| १५ | प्रतिनर्मा आ.वि. मर्मत | प्रतिनर्मा आ.वि. मर्मत उ.स. | ५,००,००० | ४,९६,९२० |
| १६ | भगवती आ.वि. घेराबार | भगवती आ.वि. घेराबार उ.स. | २,००,००० | २,००,००० |
| १७ | मालिका आ.वि. घेराबार | मालिका आ.वि. घेराबार उ.स. | २,५०,००० | २,५०,००० |

| | | | | |
|---|---|---|---|---|
| १८ | शिव आ.वि. घेराबार (वडा नं. ७) | शिव आ.वि. घेराबार उ.स. | ३,००,००० | ३,००,००० |
| १९ | स्वास्थ्य भवन मर्मत (वडा नं. ७) | स्वास्थ्य भवन मर्मत उ.स. | ५,००,००० | ५,००,००० |
| | | **जम्मा** | **५२,४२,२१०** | **५२,३१,०९९** |

### बेरूजु दफा २९.२ सँग सम्बन्धित विवरण - अनुसूची -१३

| गो.भौ.नं./ मिति | कामको विवरण | उपभोक्ता समितिको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २२/०७९-०७-२८ | दरवाङ निस्कोट सिरदी मोटरबाटो मर्मत | दरवाङ निस्कोट सिरदी मोटरबाटो मर्मत उ.स. | ६,६०,२५० |
| २८/०७९-०८-१८ | देउराली देखि खवाङ बिम्बाङ भरवाङ्ग मोटरबाटो मर्मत | देउराली देखि खवाङ बिम्बाङ भरवाङ्ग मोटरबाटो मर्मत उ.स. | ६,६५,००० |
| २९/०७९-०८-१८ | दरवाङ बिम सडक मर्मत | दरवाङ बिम सडक मर्मत उ.स. | ५,९७,५०० |
| ३०/०७९-०८-१८ | दरवाङ निस्कोट बाटो मर्मत | दरवाङ निस्कोट बाटो मर्मत उ.स. | ७,६०,००० |
| ३८/०७९-०९-१२ | दरवाङ दिच्याम दुखु बाङ्गे पहिरो बालौटे सडक मर्मत | दरवाङ दिच्याम दुखु बाङ्गे पहिरो बालौटे सडक मर्मत उ.स. | ८,७०,५०० |
| ६९/०७९-११-११ | बालौटे सडक मर्मत | बालौटे सडक मर्मत उ.स. | |
| ७४/०७९-११-११ | अधिभारा डाँडागाउँ लुक्सिपार पात्ले खोला सम्म मोटरबाटो मर्मत | अधिभारा डाँडागाउँ लुक्सिपार पात्ले खोला सम्म मोटरबाटो मर्मत उ.स. | ८,८८,७७६ |
| ८२/०७९-११-२६ | औल हुँदै रुम जाने मोथटरबाटो मर्मत तथा निर्माण | औयल हुँदै रुम जाने मोटरबाटो मर्मत तथा निर्माण उ.स. | ३२,३०,००० |
| | | **जम्मा** | **७६,७२,०२६** |

### बेरूजु दफा २९.३ सँग सम्बन्धित विवरण - अनुसूची -१४

| गो.भौ.नं./ मिति | उपभोक्ता समितिको नाम | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| | वडा कार्यालय भित्ता प्लाष्टर | खड्ग प्रसाद कामी समेत ९ जना | १,०७,१६० |
| ६०/०७९-१०-२४ | मिलिजुली आमा समुह भवन निर्माण | राजु बि.क.समेत १३ जना | २,७२,३६० |

| | | | |
|---|---|---|---|
| ६१/०७९-०१-२४ | सिमलधारा जेष्ठ नागरिक दिवा सेवा | अम्मर बहादुर घर्ति समेत १३ जना | १,२१,६४० |
| ७६/०७९-११-१७ | मयलधारा ढल निकास | दिर्घ पुन समेत २८ जना | १,२७,४२० |
| ८२/०७९-११-२६ | औल हुँदै रुम जाने मोटरबाटो | हिरालाल रोका समेत ७४ जना | २,९२,१६० |
| ९४/०७९-१२-१४ | ओखरबोट स्वास्थ्य चौकी व्यवस्थापन उ.स. | भोग बहादुर घर्ती समेत २४ जना | १,१४,१२० |
| ९७/०७९-१२-१६ | डाँडागाउँ ढल निकास उ.स. | हेम बहादुर जुग्जाली समेत ३५ जना | ३,०३,१६० |
| | | **जम्मा** | **१३,३८,०२०** |

**बेरूजु दफा ३१.२ सँग सम्बन्धित विवरण - अनुसूची -१५**

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३,००,००० | ३,६७,४३९ | १२२.४८ |
| घरजग्गा वहाल कर | ४,००,००० | ८,४३,६८१.५५ | २१०.९२ |
| व्यवसाय कर | ७,००,००० | ८,१६,२९० | ११६.६१ |
| अन्य बिक्रीबाट प्राप्त रकम | ३,५०,००० | ३,५६,००० | १०१.७१ |
| परीक्षा शुल्क | ५२,००० | ३०,८०० | ५९.२३ |
| सिफारिश दस्तुर | ७,००,००० | ७,३२,४३६ | १०४.६३ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,००० | ३,७९,३०० | १२६.४३ |
| नाता प्रमाणित दस्तुर | २,५०,००० | १,३३,४५० | ५३.३८ |
| अन्य दस्तुर | ५०,००,००० | ५,७५,३४३ | ११.५१ |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ६,००,००० | ७५,०१३ | १२.५ |
| अन्य राजस्व | १०,००,००० | ८,६४,८२१.६० | ८६.४८ |
| जम्मा | १,००,०२,०००. | ५१,७४,५७४.१५ | ५१.७३ |

**बेरूजु दफा ३२ सँग सम्बन्धित विवरण - अनुसूची -१६**

| ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कार्य सम्पादन जमानत बापत राखेको रकम रु. | कार्य सम्पादन जमानत बापत राख्नुपर्ने रकम रु. | कार्य सम्पादन थप गर्नुपर्ने रकम रु. |
|---|---|---|---|---|
| MRM/MGD/NCB/Works/079/080 – 02 | आचार्य वि.के. कन्स्ट्रक्सन जे.भि. | १७,४०,०००.०० | २२,२२,६६०.१० | ४,८२,६६०.१ |

| | | | | |
|---|---|---|---|---|
| MRM/MGD/NCB/Works/078/079 – 02 | नाना दिव्यज्योती जे.भि. | १८,५५,०००.०० | २३,५४,९३९.२६ | ४,९९,९३९.३ |
| MRM/MGD/NCB/Works/079/080 – 01 | ओमन अस्कार निर्माण सेवा | ६,५०,०००.०० | ८,३५,०८८.२२ | १,८५,०८८.२३ |
| | **जम्मा** | ४२,४५,०००.०० | **५४,१२,६८७.५८** | **११,६७,६८७.६३** |

**बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची -१७**

| ठेक्का नं. | निर्माण व्यवसायीको नाम | असुल गर्नुपर्ने रकमरु. | कामको विवरण |
|---|---|---|---|
| MRM/MGD/NCB/Works/079/80 – 03 | माछापुच्छ्रे हिमालयन जे.भी. | १,००,००० | सडक स्तरोन्नती |
| MRM/MGD/NCB/Works/078-79-05 | श्रमजिवी निर्माण सेवा | ५०,००० | वडा नं. २ मा स्वास्थ्य चौकी निर्माण |
| MRM/MGD/NCB/Works/078-79-06 | श्रमजिवी निर्माण सेवा | ५०,००० | वडा नं. ४ मा विद्यालय भवन निर्माण |
| MRM/MGD/NCB/Works/078/079-07 | दानु कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ५०,००० | दरवाङ बजार ढलान तथा ढल निर्माण |
| | **जम्मा** | **२,५०,०००** | |